सरुमारानी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६, संख्याः१, असार १० गते, २०७९ साल

## भाग-१

## सरुमारानी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) वमोजिम सरुमारानी गाउँपालिकाले बनाएको कानून उपदफा (३) वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सरुमारानी गाउँपालिकाको विनियोजन ऐन, २०७९

सरुमारानी गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा प्रवाह तथा कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन, २०७९

**प्रस्तावनाः** सरुमारानी गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार प्रदान गर्न र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सरुमारानी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस विधेयक नाम "सरुमारानी गाउँपालिकाको विनियोजन ऐन, २०७९" रहेकोछ ।

२) यो ऐन आर्थिक वर्ष २०७९।०८० बाट प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७९/०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

१) आर्थिक वर्ष २०७९/०८० को निमित्त गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय

व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४७,८२,२१,०६७।-(अक्षेरुपी सटचालिस करोड बयासीलाख लाख एककाई हजार सतसठ्ठी मात्र) मा निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च  गर्न सकिनेछ ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाको बैठकले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ।

## अनुसूची-१

## (दफा २ संग सम्बन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम
## संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र. सं | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १. | गाउँ कार्यपालिका कार्यालय प्रशासनिक खर्च | ७,९८,०३,३००/- | ७,२०,००००/- | ० | ८,७०,०३,३००/- |
| २. | विषयगत क्षेत्रहरु | ७,२८,५४,७००/- | ४,३४,७८,०००/- | ० | ११,६३,६२,७००/- |
| ३. | ऋणको साँवा व्याज भुक्तानि | ० | ० | | ० |
| ४. | संघीय शसर्त अनुदान तर्फ | १५,५२,००,०००/- | १,२६,००,०००/- | ० | १६,७८,००,०००/- |
| ५. | प्रदेश शसर्त अनुदान तर्फ | ० | ८०,००,०००/- | ० | ८०,००,०००/- |
| ६. | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| ७. | संघिय/प्रदेश विशेष तथा समपुरक रकम | १,४०,००,०००/- | ७,४०,००,०००/- | ० | ८,८०,००,०००/- |
| ८. | सामाजिक सुरक्षा | ० | ० | ० | ० |
| ९ | मुख्यमन्त्री शैक्षिकसुधार कार्यक्रम(विशेष अनुदान) | २,५०,०००/- | ५७,५०,०००/- | ० | ६०,००,०००/- |
| ११. | संस्था साझेदारी कार्यक्रम | १,५०,८५,०६७/- | ० | | १,५०,८५,०६७/- |
| | जम्मा | ३३,७१,९३,०६७/- | १५,१०,२८,०००/- | | **४७,८२,२१,०६७/-** |

प्रमाणिकरण मितिः२०७९/३/१०

झग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष